नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

बजेट कार्यान्वयन तथा सोधभर्ना शाखा

प.सं. २०७९/८०
च.नं.

मितिः - २०७९/०५/०५

**विषय : बजेट कार्यान्वयन सम्बन्धी थप स्पष्ट पारिएको बारे ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय ज्यू,
सबै ।

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. १ मिति २०७९/०४/०२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा (च) को १ र बुँदा (छ) को ४ मा उल्लेखित व्यहोरामा मिति २०७९/०५/०१ को निर्णयनुसार थप स्पष्ट पारिएको व्यहोरा आदेशअनुसार अनुरोध छ।

**वुदा (च) १ खर्चको अख्तियारी सम्बन्धमा**

उक्त वुदामा उल्लेखित अर्थ बजेट तर्फ औषधि उपचार, सञ्चित विदा र उपदान बापतको सुविधाको रकम भुक्तानी/निकासा तिनै तहका सरकारबाट सेवानिवृत्त हुने राष्ट्रसेवक कर्मचारीहरूको हकमा लागू हुने तर प्रदेश र स्थानीय तहको हकमा संघबाट समायोजन भई गएकाहरूको हकमा यसैअनुसार हुनेछ। सो सम्बन्धमा थप स्पष्ट हुनका लागि यस कार्यालयको च.नं. ११ मिति २०७८/०५/०३ को परिपत्र (तपसिलमा उल्लेखित बुँदा ५ बाहेक) समेत हेरी सोही परिपत्रमा उल्लेखित प्रक्रिया अवलम्बन गरी भुक्तानी/निकासाको व्यवस्था मिलाउनुहुन,

**वुदा (छ) ४ प्रदेश र स्थानीय तहको अन्तरसरकारी वित्तिय हस्तान्तरण सम्बन्धी व्यवस्थाका सम्बन्धमा**

सशर्त अनुदानको एक तिहाईले हुन आउने रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले सम्बन्धित प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते हस्तान्तरण गर्नुपर्नेछ तर वैदेशिक स्रोत समावेश भएको हकमा स्रोत फुकुवा आवश्यक पर्नेछ। सो बुँदामा उल्लेखित **नगद अनुदान तथा नगद ऋण** वैदेशिक स्रोत उल्लेख गर्न छुट भएकाले यसै अनुसार कार्यान्वयन गर्नु, गराउँनुहुन ।

कृष्ण प्रसाद आचार्य
(उप महालेखा नियन्त्रक)

फोन : ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स : ९७७-१-४७७१२९१, इमेल: info@fcgo.gov.np